जुनीचाँद गाउँपालिका

# गाँउ कार्यपालिकाको कार्यालय

मजकोट, जाजरकोट

कर्णाली प्रदेश, नेपाल ।

पत्र संख्या: २०८०/०८१

चलानी नं

मिति: २०८०।१०।०९

श्री वडा कार्यालयहरु तथा सरोकारवाला सबै ।

## विषय : सूचना सूचना सूचना ।

प्रसतुत विषयमा कर्णाली प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय बिरेन्द्रनगर सुर्खेतको मिति २०८०/१०/०५ गते चलानी नं. ९२३ को पत्रानुसार नेपाल सरकार र स्वीस सरकार बीचको दुई पक्षीय सम्झौता अनुसार संचालित नेपाल ब्यावसायिक योग्यता प्रणाली परियोजनाको सहयोगमा सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेशले प्राविधिक शिक्षा तथा ब्यावसायिक तालिम परिषद, कर्णाली प्रदेश कार्यालय मार्फत निःशुल्क -रजिष्ट्रेसन शुल्क बाहेक ) रुपमा पूर्व सिकाइको मान्यता -Recognition of prior Learning RPL) विधिद्वारा भौचर प्रणालीमा आधारित सिप परिक्षणमा सहभागी हुन चाहने स्वदेश तथा बैदेशिक रोजगारीको अनुभव प्राप्त नेपाली नागरिकहरुबाट आवेदन आह्वान सम्बन्धी सूचना मिति २०८०/१०/४ गते प्रकाशन भएकोले सूचनाको प्रचार प्रसार यस कार्यलय तथा यस पालिकाका वडा कार्यलयहरुको वेबसाइड तथा सूचना पार्टीहरुमा यस सम्बन्धी सूचना टाँस गरी जानकारी गराइएकोले योग्यता पुगेका इच्छुक युवा/ युवतिहरुले तोकिए अनुसारको सिप परिक्षण विषयको तोकिएको केन्द्रमा गई दरखास्त पेश गर्नको लागि यो सूचना प्रकाशन गरिएको छ । साथै यस सम्बन्धी सूचना र मन्त्रालयको पत्र, आवश्यक फोन नं. र फारम उपलब्ध हुने वेबसाइडहरु यसै साथ रहेको ब्यहोरा जानकारी गराइन्छ ।

बल बहादुर शाही
निमित्त प्रमुख प्रशासकीय अधिकृत

बल बहादुर शाही
नि. प्रमुख प्रशासकीय अधिकृत

कर्णाली प्रदेश सरकारव

# सामाजिक विकास मन्त्रालय

बिरेन्द्रनगर, सुर्खेत नेपाल

पत्र संख्या: २०८०/०८१
चलानी नम्बर: ६२३

मिति २०८०/१०/०५

श्री सबै स्थानीय तह
कर्णाली प्रदेश

बिषय: पूर्व सिकाइ मान्यता (Recognition of Prior Learning-RPL) बिधि बाट सिप परिक्षणको सम्बन्धमा

प्रस्तुत बिषयमा नेपाल सरकार र स्विस सरकार बीचको दुइ पक्षिय सम्झौता अनुसार संचालित नेपाल ब्यबसायिक योग्यता प्रणाली परियोजनाको सहयोगमा सामाजिक बिकास मन्त्रालय कर्णाली प्रदेशले प्राबिधिक शिक्षा तथा ब्यबसायिक तालिम परिषद, कर्णाली प्रदेश कार्यालय मार्फत नि:शुल्क (रजिस्ट्रेसन शुल्क बाहेक) रुपमा पूर्व सिकाइको मान्यता (Recognition of Prior Learning-RPL) विधिद्वारा भौचर प्रणालीमा आधारित सिप परिक्षणमा सहभागी हुन चाहने स्वदेश वा बैदेशिक रोजगारको अनुभव प्राप्त नेपाली नागरिकहरु बाट आबदेन आह्वान सम्बन्धि सुचना मिति २०८० माघ ४ गते प्रकाशन भएकोले सूचनाको प्रचार-प्रसार तँहाको वेबसाइट तथा सूचना बोर्ड मार्फत सम्बन्धित युवाहरुसम्म सूचना प्रवाह गरिदिनहुन अनुरोध छ । साथै सूचनाको प्रति यसै पत्र साथ संलग्न छ । सो सूचना कर्णाली प्रदेश CTEVT को वेबसाइट https://ctevtkarnali.org.np/src/public/storage/bolpatra/RPL%20Public%20Notice_Karnali_1801 2024_1705580792.pdf र सामाजिक बिकास मन्त्रालयको वेबसाइट https://mosd.karnali.gov.np/post/notice-regarding-calling-for-skill-test-applications बाट पनि प्राप्त गर्न सकिनेछ।

श्री के. प्रशासा
नियम बमोजिम गर्न गराउनु
हुन।

२६३
२०८०।१०।१३

२०८०।१०।५

.............................
जवाहरलाल हमाल
महाशाखा प्रमुख

इमेल mosdsurkhet@gmail.com, mosd@karnali.gov.np फोन-०८३-५२३६७२, ०८३-५२१७०५, ०८३-५१०९८९

Scanned with CamScanner

CamScanner

(Notice no: NSTB/NVQS/MOSD-Karnali-01)

Nepal Vocational Qualifications System NVQS

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् (CTEVT)

कर्णाली प्रदेश, वीरेन्द्रनगर, सुर्खेत

सामाजिक विकास मन्त्रालय कर्णाली प्रदेश

# सीप परीक्षणको आवेदन आह्वान सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८०/१०/०४

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, राष्ट्रिय सीप परीक्षण समिति (National Skill Testing Board-NSTB) बाट स्वीकृत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका अनुसार कर्णाली प्रदेश सरकार सामाजिक विकास मन्त्रालय / नेपाल व्यावसायिक योग्यता प्रणाली परियोजनाको तर्फबाट, सहुलियत शुल्कमा सञ्चालन हुने **पूर्व सिकाईको मान्यता** (Recognition of Prior Learning-RPL) विधिद्वारा **भौचर प्रणालीमा आधारित सीप परीक्षणमा** सहभागी हुन चाहने **स्वदेशमा/ वैदेशिक रोजगारको अनुभव** प्राप्त नेपाली नागरिकहरूबाट आफूलाई पायक पर्ने तपसिल बमोजिमका सीप परीक्षण केन्द्रमा आवेदन फारम पेश गर्नु हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल:**

क) फारम सङ्कलन केन्द्र, परीक्षण हुने व्यवसाय र तह:

| क्र. सं. | आवेदन फारम सङ्कलन/ सीप परीक्षण केन्द्रहरू | सम्पर्क न. | सीप परीक्षण हुने पेशा/व्यवसाय | तह |
|---|---|---|---|---|
| १. | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्णाली प्रदेश कार्यालय, वीरेन्द्रनगर, सुर्खेत । | ०८३-५२१८८५<br>०८३-५२३५४५ | गार्मेन्ट फेब्रिकेटर | १ |
| | | | टायल मार्वल फिक्सर | १ |
| | | | वेल्डर | २ |
| | | | | |
| २. | भेरी रासि प्राविधिक शिक्षालय, वीरेन्द्रनगर, सुर्खेत। | ०८३-५२३१३९<br>९८५८०३०२१७ | मोटरसाइकल मेकानिक | २ |
| | | | प्लम्बर | २ |
| | | | कम्प्यूटर हार्डवेर/ नेटवर्क टेक्निसियन | २ |
| | | | बिल्डिङ्ग पेन्टर | २ |
| ३. | कर्णाली प्राविधिक शिक्षालय, चन्दननाथ न.पा. जुम्ला | ९८५८३२२०५५ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| ४ | राष्ट्रिय प्राविधिक शिक्षालय, वीरेन्द्रनगर सुर्खेत | ०८३-५२५८४२<br>०८३-५२१६८९<br>९८५१०१८५२७<br>९८४९६२७६६१ | टायल मार्बल फिक्सर | १ |
| | | | मोबाईल फोन मर्मत | २ |
| | | | कम्प्यूटर हार्डवेर/ नेटवर्क टेक्निसियन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| ५ | | ९७६०८१६७८५<br>९८४२९६०२४३ | प्लम्बर | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| | | | कम्प्यूटर हार्डवेर/ नेटवर्क टेक्निसियन | २ |

CS CamScanner

| क्र. सं. | आवेदन फारम सङ्कलन/ सीप परीक्षण केन्द्रहरू | सम्पर्क न. | सीप परीक्षण हुने पेशा/व्यवसाय | तह |
|---|---|---|---|---|
| | पंचकोशी पोलिटेक्निक, दुल्लु, दैलेख | ९८५८०५०७२४ | कन्स्ट्रक्सन मेसन | २ |
| ६ | जाजरकोट पोलिटेक्निक, काफलचौर, जाजरकोट | ९८५८०८००७४<br>९८५८०८००७३ | कन्स्ट्रक्सन मेसन | २ |
| | | | प्लम्बर | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| ७ | त्रिभुवन मा. बि., मुसिकोट-रुकुम | ९८४७८७६९९०<br>९८४४९१७४७२ | प्लम्बर | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| ८ | शहिद नेत्रलाल बहु-प्राविधिक शिक्षालय, शारदा न.पा. सल्यान | ९८५७८४४४१६<br>९८६७२२८९१३ | प्लम्बर | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| | | | कम्प्यूटर हार्डवेर/ नेटवर्क टेक्निसियन | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| ९ | पंचदेव मा.वि. मान्मा, कालिकोट | ९८४९९४९०२२<br>९८४८३०७२७६ | प्लम्बर | २ |
| | | | कन्स्ट्रक्सन मेसन | २ |
| | | | बिल्डिंग पेन्टर | २ |
| | | | कम्प्यूटर हार्डवेर/ नेटवर्क टेक्निसियन | २ |
| १० | स्किल नेपाल प्राविधिक कलेज, बिरेन्द्रनगर-सुर्खेत | ९८५८०७०१९८ | रेफ्रिजिरेटर तथा ए.सी. मेकानिक | २ |

ख) **आवेदनको लागि न्यूनतम योग्यता:**

| | |
|---|---|
| तह १ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा १ वर्षको कार्य अनुभव भएको, |
| तह २ को लागि | सम्बन्धित व्यवसायको ज्ञान र सीप भई सम्बन्धित पेशामा कम्तीमा ३ वर्षको कार्य अनुभव भएको,<br>वा<br>सम्बन्धित व्यवसायमा तह १ को सीप परीक्षण उत्तीर्ण भई सम्बन्धित पेशा मा १ वर्षको कार्य अनुभव भएको, |

ग) **आवेदन तथा रजिस्ट्रेसन शुल्क:** रु २७० (आवेदकले व्यहोर्ने)

घ) **सीप परीक्षणमा सहभागीले आवेदन फारम भर्दा पालना गर्नु पर्ने सर्तहरू:**

१) यस सूचना तथा आवेदन फारम सामाजिक विकास मन्त्रालयको कर्णाली प्रदेशको वेबसाइट https://mosd.karnali.gov.np तथा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् (CTEVT) कर्णाली प्रदेशको वेभसाइट https://ctevtkarnali.org.np बाट डाउनलोड गर्न तथा तोकिएको केन्द्रहरूबाट प्राप्त गर्न सकिनेछ ।

२) आवेदन फारम तोकिएको केन्द्रमा मिति २०८०/११/०३ गते भित्र बुझाउनु पर्नेछ । आवेदन फारम बुझाउने अन्तिम दिन बिदा परेमा सो को भोलि पल्ट सम्म बुझाउन सकिनेछ ।

CamScanner

३) आवेदन फारमको साथ पासपोर्ट साइजको हालसालै खिचिएको एकै किसिमको फोटो २ प्रति, नागरिकता प्रमाण पत्रको प्रतिलिपि र अनुभवको प्रमाणपत्र (अनुभवको प्रमाणपत्रको हकमा नेपाल सरकार, वा अर्ध सरकारी संस्था वा नेपाल सरकारमा दर्ता VAT/PAN नम्बर प्राप्त निजी रोजगारदाता संस्था/उद्योग/व्यवसायीले सम्बन्धित पेशा /व्यवसायमा काम गरेको वा गरिरहेको स्पष्ट खुलाइएको अवधि सहितको प्रमाणपत्र वा पत्रको प्रमाणित प्रतिलिपि पेश गर्नु पर्नेछ । अनुभव १६ वर्ष उमेर पछिको मात्र मान्य हुनेछ ।

४) स्थानीय स्तरमा स्वरोजगार भई कार्य अनुभव भएका व्यक्तिले अनुभवको प्रमाणपत्रको हकमा आफू कार्यरत वडा कार्यालयको सिफारिस पत्र (**शुरु गरेको मिति बाट अन्तिम मिति वा हाल सम्म उल्लेख भएको**) पेश गर्न सक्नेछन् ।

५) वैदेशिक रोजगारबाट फर्केका व्यक्तिले आवेदन फारम भर्दा सीप परीक्षण गर्नुपर्ने पेशाको विदेशमा गरेको कामको अनुभव पत्र (अङ्ग्रेजीमा अनुवादित गरिएको प्रति), पासपोर्ट र भिसाको प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ ।

६) तोकिएको समयभित्र दर्ता नभएका र रित नपुगेका आवेदन फारमहरू स्वतः रद्द हुनेछन् ।

७) परामर्श सेवा तथा सीप परीक्षणको जानकारी SMS बाट समेत जानकारी गराइने छ । सीप परीक्षण आवेदन भरेकै केन्द्रबाट सहभागी आफै उपस्थित भई सीप परीक्षणको ५ दिन अगाढीबाट प्रवेश पत्र प्राप्त गर्न सकिनेछ । सम्पर्क मितिको भोलिपल्ट देखि नै सीप परीक्षण सञ्चालन हुन सक्नेछ ।

८) परामर्शकर्ताको सिफारिस अनुसार सीप परीक्षणका लागि तयार भएका आवेदकले मात्र भौचर (सीप परीक्षणमा लाग्ने सामाग्री तथा अन्य खर्च) प्राप्त गरी सीप परीक्षणमा सामेल हुन पाउने छन् ।

९) यस भन्दा पहिले सीप परीक्षणमा सहभागी भएका परीक्षार्थीहरूले पहिले सीप परीक्षणमा सहभागी हुँदाको रजिष्ट्रेशन नं. अनिवार्य रूपमा उल्लेख गर्नु पर्नेछ । यसरी दोहोऱ्याएर सीप परीक्षण दिनेहरूले आवेदन फारमको माथि पुनः परीक्षण भन्ने कोठामा चिन्ह लगाउनु पर्ने छ ।

१०) आवेदकले कुनै एक तह वा पेशामा मात्र आवेदन दिन पाउने छन् ।

११) तहगत राष्ट्रिय व्यवसायगत सीप प्रमाणिका (NOSS) मा भएका दक्षताका इकाईहरू मध्ये परीक्षार्थीले उत्तीर्ण गरेको दक्षताको इकाईको प्रमाण पत्र प्राप्त गर्न सक्नेछन् ।

१२) सीप परीक्षण आवेदन फारम सङ्कलन केन्द्रले आवेदन सङ्कलन गर्दा **आवश्यक कागजात पुगेको रुजु गरी (आवेदन फारम भर्ने अन्तिम मितिबाट पाँच दिन भित्र Online System बन्द हुने भएकाले)** उक्त अवधि भित्र अनलाइन फारम इन्ट्री गरी परिषद् प्रदेश कार्यालयबाट अन्तिम **रुजु भई सके पछि** इन्ट्री बापत प्रति फारम रु. ७०।– का दरले कट्टा गरी बाँकी रकम जम्मा गर्ने केन्द्रको नाम र आवेदन संख्या स्पष्ट खुलाई प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्, कर्णाली प्रदेशको नाममा रहेको राष्ट्रिय बाणिज्य बैंक लि., शाखा कार्यालय बिरेन्द्रनगर, सुर्खेत, हि. खाता नं. ४०८०१०००१५५२७००१ मा रकम जम्मा गरी सक्कल भौचर स्क्यान कपि अपलोड गर्नु पर्नेछ ।

१३) यस सूचनामा उल्लेखित पेशा व्यवसायको सीप परीक्षण सम्बन्धित प्रमाणिकृत वा तोकिएको सीप परीक्षण केन्द्रमा सञ्चालन हुनेछ ।

CamScanner

थप जानकारीको लागि प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद् कर्णाली प्रदेशको फोन नम्बर ०८३-५२१८८५, ०८३-५२३५४५ तथा नेपाल व्यावसायिक योग्यता प्रणाली, कर्णाली प्रदेश परियोजना सहयोग इकाईको सम्पर्क नम्बर ०८३-५९०९८९ मा सम्पर्क गर्न सकिने छ ।

निर्देशक

CS CamScanner

☐ पून: परीक्षणको लागि

सि.नं ........

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# राष्ट्रिय सीप परीक्षण समिति

## सीप परीक्षणको लागि दरखास्त फारम

कार्यालय प्रयोजनको लागी

पंजीकरण संख्या (Reg.No) ☐ पंजीकरण मिति/(Reg.Date) ☐

सीप क्रमाङ्क/(Skill Symbol No) ☐ परीक्षण किसिम ☐ नियमित ☐ प्रायोजित

फोटो

श्रीमान् सदस्य सचिवज्यू,

त्यस समितिबाट मिति......................मा लिईने सीप परीक्षणमा सम्मिलित हून मेरो नागरिकता, परीक्षण दिने व्यवसाय सम्बन्धी तालीम/अनुभवको प्रमाणित प्रतिलिपिहरु र दुई प्रति फोटो संलग्न गरी परीक्षण दस्तुर बुझाई निम्न विवरण सहित निवेदन पेश गरेको छु। नियमानुसार परीक्षणमा सहभागी हुन पाउं।

व्यवसाय ........................................................................................ तह: ......... परीक्षण केन्द्र:..............................................................

१. निवेदकको पूरा नाम थर :

२. अंग्रेजी ठूलो अक्षरमा नाम थर :

जन्म मिति: (विक्रम सम्वतमा) २०.................. साल .......... महिना ........... गते (इस्वी सन्मा) २०.............साल ......... महिना ..........गते

लिङ्ग: पुरुष/महिला/अन्य जातिगत समुह: दलित ☐ जनजाती ☐ अन्य ☐ नागरिकता: प्रमाणपत्र नं.: जारी जिल्ला:............................ मिति:..................

३ .बाबुको पूरा नाम, थर: देवनागरीमा

बाबुको पूरा नाम, थर: अंग्रेजी ठूलो अक्षरमा

४. निवेदकको स्थायी ठेगाना:

नेपालीमा: गा.पा./न.पा./महा.न.पा.............................................वडा.........ब्लक नं..............जिल्ला.............................अंचल..........................

अंग्रेजीमा: RM/N/M..........................................Ward No............ Block No............ .........District.............................Zone..........................................

५. पत्राचार गर्ने ठेगाना: गा.पा/न.पा./महा.न.पा.............................वडा.......ब्लक नं........जिल्ला.......................अंचल.................फोन ...............

६. व्यवसाय सम्बन्धी विवरण:

| सम्वन्धित व्यवसायमा तालिम लिएको अवधि | सम्वन्धित व्यवसायमा काम गरेको अवधि | बैदेशिक रोजगारबाट फर्केको भए |
|---|---|---|
| संस्थाको नाम:<br>वर्ष ......... महिना:...........(.......... घण्टा) | संस्थाको नाम:<br>वर्ष .............. महिना: ............... | देश र संस्थाको नाम:<br>पासपोर्ट नं.:<br>काम गरेको वर्ष ............... महिना: ................ |

७. सीप परीक्षणमा सामेल हुंदा रोजगारको अवस्था: छ ( ), छैन ( ) भएमा क) स्वरोजगार ख) स्वदेशी रोजगार ग) वैदेशिक रोजगार

८. यस अघि सीप परीक्षण दिएको छ ( ), छैन ( ), दिएको भए व्यवसाय............................................................................................. तह...............

परीक्षण मिति...................... केन्द्र............................................................................ उर्त्तिण भएको भए : सैद्धान्तिक ( ) प्रयोगात्मक ( )

पंजीकरण संख्या.......................................सीप क्रमाङ्क..........................................

९. यदि वैदेशिक रोजगारीमा जाने इच्छा भएमा जाने मुलुकको नाम : ......................................................

१०. उल्लेखित विवरण वेबपेजमा राख्न मेरो पूर्ण मन्जूरी रहने छ।

११. उल्लेखित सबै विवरण ठीक साँचो हो, झुठा भएमा नियम बमोजिम सहुँला बुझाउँला।

............................ मिति

.................... निवेदक

| | | |
|---|---|---|
| सीप परीक्षण दस्तुर रु.: ..............<br>रसिद नं:................<br>मिति:................. | • उल्लेखित लेखिएको विवरण रुजु गरी हेर्दा निवेदक परीक्षण दिन योग्य/अयोग्य देखिएकोले निजको दरखास्त फाराम स्वीकृत/अस्वीकृत लागि सिफारिश गर्दछु।<br>• फाराम अस्वीकृत भए कारण:........................................................ | |
| ........................<br>लेखा शाखा | ..............................<br>सीप परीक्षण अधिकृत | ...........................<br>सदस्य सचिव<br>रा.सी.प. समिति |

सम्पर्क फोन नम्बर: ०१६६३८१५३,०१६६३५६९९,०१६६३५१९५, ९८५११६३९६४, ९८५११२७०८० फ्याक्स: ०१६६३८३५१ र वेब: www.nstb.org.np

CamScanner